"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२/०८३
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८२/०९/१४
ने.सं. ११४६ पोहेलाथ्व, १० सोमबार

## माटो स्वास्थ्य सुधार कार्यक्रमका लागि प्रस्ताव आवहान बारेको सूचना।

(दोस्रो पटक प्रकाशन मिति: २०८२/०९/१४)

यस पाँचखाल नगरपालिका कृषि शाखाको आर्थिक बर्ष २०८२/८३ को सङ्घीय ससर्त कार्यक्रम माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत " प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम देहायको कार्यक्रममा साझेदारी गर्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आवहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८२/०९/२०) भित्र कार्यालय समयमा कृषि तथा सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखि तोकिएको ढाँचामा प्रस्तावना पेस गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। निर्धारित समयभित्र पेस नभएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाहि हुने छैन। थप जानकारीको लागि कृषि तथा सहकारी शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

| क्र.सं | कार्यक्रमको नाम | संचालन गर्ने क्रियाकलापहरु | अनुदान रकम | लक्षित वर्ग/समुदाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | माटो स्वास्थ्य सुधार कार्यक्रम | माटो परीक्षण नतिजाको आधारमा माटोको अम्लियपना सुधारका लागि कृषि चुन सहयोग, गुणस्तरिय प्राङ्गारिक मल उत्पादन , भकारो सुधार मार्फत गुणस्तरिय कम्पोस्ट मल, गड्यौला मल उत्पादन सहयोग | प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम | पाँचखाल न.पा १-१३ वडा सबै | |

<u>तपसिल</u>

आवश्यक कागजात:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. पूर्ण रुपले भरिएको प्रस्तावना फाराम।
३. स्थायी लेखा नं र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. समुह/सहकारी/फर्मको हकमा गत आ.ब.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।
५. कृषक समुह/कृषि सहकारी/साझेदार उद्यमीको हकमा प्रस्ताव पेस गर्ने सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
७. नेपाली नागरीकताको प्रतिलिपि।
८. सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र।

२०८२/९/१४
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४९९४१४,इमेल: panchkhal.municipality@gmail.com, info@panchkhalmun.gov.np वेबसाइट: https://www.panchkhalmun.gov.np

"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या :
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

कृषि चून मागको लागि :
(माटोको नमुना)

१. माटो परिक्षण भइसकेको कृषकहरुको हकमा माटो परिक्षण नतिजाको प्रतिलिपि।

२. माटो परिक्षण नभएका कृषकहरुको हकमा यसै सूचना साथ संलग्न गरिएको माटोको नमुना सङ्कलन गर्ने तरिका अनुसार सङ्कलन गरिएको माटोको नमुना कम्तिमा १/२ के.जी. तौल भएको तथा पूर्ण विवरण भरिएको।

२०८५।१५

(पुरुषोत्तम सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ एवं कार्यार्थः</u>

**श्री वडा कार्यालय (सबै), पाँचखाल नगरपालिका** : वडा कार्यालयको सूचना पाटीमा यो सूचना टाँस गरी सम्पूर्ण वडाबासीहरुले जानकारी प्राप्त गर्ने गरी व्यापक रुपमा प्रचार प्रसार गर्नुहुन।

**श्री सूचना प्रविधि शाखा** : वेबसाइट तथा सामाजिक सञ्जालमा समेत सूचना अपलोड गर्नुहुन।

**फोन नं.**: ०११-४९९४१४, **इमेल**: panchkhal.municipality@gmail.com, info@panchkhalmun.gov.np **वेबसाइट**: https://www.panchkhalmun.gov.np

अनुदानको लागि पेस गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

विषय : अनुदान उपलब्ध गराइदिनुहुन।

महोदय,

तहाँ कार्यालयबाट मिति २०८२/०९/१४ मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको माटो स्वास्थ्य सुधार कार्यक्रमको उद्देश्य, लागत समयावधि, लाभान्वित जनसङ्ख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

तपसिल

लाभग्राहीको नाम :
ठेगाना :
स्थानीय तह/प्रदेश :
वडा नं :
कार्यक्रमको नाम :
अनुदान रकम आवश्यक पर्नुको कारण :
सञ्चालन गरिने कार्यक्रम :
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागत :
कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना :
कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या :

निवेदक
कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/कृषि कम्पनी
अध्यक्ष/प्रतिनिधिको दस्तखत:
नाम/थर:
पद:
सम्पर्क नं:
मिति:
संस्थाको छाप:

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः

आवेदकको नामः

ठेगानाः

मोबाइल नं :

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पुर्वाधारहरुः

६. तालिम सम्बन्धि विवरणः

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.स. | सञ्चालन गरिने क्रियाकलापहरु | इकाई | परिमाण | अनुदान रु. | निजि लगानी रु. | जम्मा लगानी रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

उपलब्ध जग्गाको क्षेत्रफल.................................

अपेक्षित बार्षिक प्रतिफल.................................

कार्यक्रम सञ्चालन गरिने स्थानः

आवेदकको तर्फबाट सहि गर्नेको

नामः

दस्तखतः

पदः

मितिः

छापः

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## प्रतिबद्धता एवं स्वघोषणा पत्र

पाँचखाल नगरपालिकाको मिति २०८२/०९/१४ को सूचना अनुसार **माटो स्वास्थ्य सुधार कार्यक्रममा** सहभागिताको लागि इच्छुक भई आवेदन पेस गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा प्राप्त अनुदानको समुच्चित प्रयोग गर्नेछु/छौं र कम्तिमा ३ वर्ष सम्म निरन्तरता दिनेछु/छौं। सो अुनसारको कार्य नगरेमा वा ३ वर्ष अगावै सो कार्यहरु बन्द गरेमा वा बेचबिखन गरेमा पाँचखाल नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने बेहोरा तथा प्रतिबद्धताका साथै प्रस्तावित कार्यक्रमको लागि अन्य निकायबाट विगत दुई आर्थिक वर्ष देखि सहयोग प्राप्त नगरेको बेहोरा समेत **स्वघोषणा** गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

<u>आनुदानग्राहीको तर्फबाट</u>


नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः


| दायाँ | बाँया |
|---|---|
| | |

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।







छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

### माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

थप जानकारीको लागि:

'पाँचखाल नगर-कृषि शहर'

**पाँचखाल नगरपालिका**
कृषि विकास शाखा
पाँचखाल, काभ्रेपलाञ्चोक
सम्पर्क नं.: ०११-४९९४५१, E-mail: panchkhalkrishi@gmail.com